गोरखा नगरपालिका, शिक्षक छनौट समिति

गोरखा नगरपालिका- ८ डुम्रीडाँडा गोरखा

शिक्षक करारमा पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

गोरखा नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयहरुमा रहेका रिक्त शिक्षक (अस्थायी/करार) पद पूर्ति गर्नुपर्ने भएकोले देहायको शर्त र परिधिको अधीनमा रही रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. रिक्त शिक्षक पदको किसिम, तह श्रेणी र विषयः**

**क. माध्यमिक तहः**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक | विज्ञान | ३०१/२०७७/७८ | १ | खुला | राहात अनुदान |

**ख. निम्न माध्यमिक तहः**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निम्न माध्यमिक | सामाजिक | २०१/२०७७/७८ | १ | खुला | दरबन्दी |

**२. उम्मेदवारको योग्यताः**

- माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी मावि तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ।
- निम्न माध्यमिक तहको हकमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी न्युनतम सोही तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने छ।

**३. परीक्षाको किसिमः** लिखित र मौखिक

**४. परीक्षा केन्द्रः** गोरखा नगर कार्यपालिकाको कार्यालय, गोरखा।

**५. परीक्षा दस्तुरः** माध्यमिक तहको लागि रु १०००।– र निम्न माध्यमिक तहको लागि रु ८००।–

**६. दरखास्त दिने स्थानः** शिक्षा, युवा तथा खेलकुद शाखा गोरखा नगरपालिका।

**७. प्रथम पटक विज्ञापन भएको मितिः** २०७७/०६/०६

**८. दरखास्त दिने अन्तिम मितिः** २०७७/०६ /२०

**९. सम्पर्क** मितिः २०७७।०६।२१

**१०. लिखित** परीक्षाको **मिति, समय र स्थानः** सम्पर्क मितिमा तोकिनेछ।

**११. अन्तरवार्ताः** लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिनेछ।

**१२. दरखास्त फारामसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नगरिकताको प्रमाणित प्रतिलिपि।
- सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि।
- शिक्षक सेवा आयोगबाट सम्बन्धित विषयको अस्थायी करार सूचीमा भएमा सोको प्रमाणीत कागजात

**१३. विज्ञापन सम्बन्धी थप जानाकारीहरुः**

- शिक्षक सेवा आयोग नियमावली संशोधन सहित, २०५७ को नियम १० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।
- विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- शिक्षक सेवा आयोगले पछिल्लो पटक संशोधन गरेको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेवसाइट www.tsc.gov.np मा हेर्न सकिने छ।
- दरखास्त फारामको अग्र भागमा उम्मेदवारले आफ्नो नाम थर विज्ञापन नं. र आफूले परीक्षा दिने विषय, तह स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।
- कुनै उम्मेदवारले झुटा विवरण/ कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ। यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिई सकेको भए नियुक्ति रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिनेछ।
- रित नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिनेछैन।
- दरखास्त फारम www.gorkhamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै गोरखा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाबाट पनि उपलब्ध गराइनेछ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत